## दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, फर्पिङ
## काठमाण्डौं,वागमती प्रदेश
## अपाङ्गता भएका व्यक्तिहरुका लागी समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम

वागमती प्रदेश को सामाजिक विकास मन्त्रालयवाट यस दक्षिणकाली नगरपालिकाका लागि विनियोजित सशर्त अनुदान कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागी समुदायमा आधारित पुर्नस्थापना (सि.वि.आर.) कार्यक्रम संचालन गर्न अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुसंगको साझेदारिमा कार्यक्रम गर्नुपर्ने भएको हुँदा तपशिलमा उल्लेखित कागजातहरु समेत संलग्न राखी यस नगर क्षेत्र भित्र काम गर्ने स्थानीय संस्था वा सो नभएमा जिल्ला भित्रकै संस्था मध्येवाट छनोट गर्नेगरी यो सुचना प्रकासित भएको मितिले १५दिन (पन्ध्र दिन) भित्र दक्षिणकाली नगरपालिकामा दरखास्त पेश गर्नहून यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिल

### (क) संस्थाले संचालन गर्नूपर्ने कार्यकमहरु :-

१, अपाङ्गता भएका व्यक्तिहरुलाई विधमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सूविधा र अवसरवारे जानकारी दिने , परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने ,
२, स्थानीय तहमा कार्यक्रम संचालन गर्दा स्थानीय शिक्षक ,वुद्धिजिवी ,समाजसेवी र स्वयंसेवक लगायतका सरोकारवालाहरुसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने ,
३ अपाङ्गता भएका व्यक्तिहरुलाइ विकास निर्माण सम्वन्धी कियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ,
४ अपाङ्गता भएका व्यक्तिहरुको अविलम्व पहिचान एवं सेवा परामर्श पुर्व तयारी कक्षा संचालन , समाहित शिक्षा ,विशेष शिक्षा ,तालिम (रोजगार र व्यावसायिक तालिम) स्वास्थ्य उपचार ,स्याहार र रेखदेख सेवा उपलव्ध गराउन मद्धत गर्ने गराउने ,
५ अपाङ्गता भएका व्यक्तिहरु, परिवार , स्थानीय निकायका पदाधिकारी समुदायकालागी अपाङ्गपन विरोध न्युनीकरण एवं उपचारात्मक लगायत सचेतना सम्वन्धी तालिम ,कार्यक्रम , गोष्ठी ,नेतृत्व विकास ,सीप विकास ,सहायक सामाग्री,अन्तरकृया,गोष्ठी, सभा संचालन गर्ने गराउने ,
६ अपाङ्गता भएका व्यक्तिहरुकालागि सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्वी वनाउने

### (ख) विनियोजित वजेट रु ३,०००००।- (तीन लाख)

### (ग) दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्वन्धी कागजातहरु

ख.संस्था दर्ता नविकरण ,विधान ,प्रशासनिक र आर्थिक नियमावलिको छाँया कपी

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

ग.समाज कल्याण परिषदको आवद्धता प्रमाणपत्र

घ.गत वर्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन

ङ .संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्साउने कागजात

च .कार्यक्रम प्रस्तावना

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
३ न.प्रदेश, नेपाल
२०७३

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत